# गुजरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सिम्राभवानीपुर ,रौतहट
### २ नं. प्रदेश, नेपाल

पत्र संख्या:- २०७४।०७५
चलानी नं. १२३५

मिति :- २०७५/०३/२४

**एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना ।**

यस गुजरा नगरपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व. २०७५/७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम गुजरा नगर कार्यपालिकाको कार्यालयबाट यही २०७५/०३/२५ गतेदेखि वितरण हुनेहुँदा फाराम प्राप्त गर्नुभइ सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २०७५/०४/२२ गतेभित्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन । नगरपालिकाले तोकेको अन्तिम मिति सम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर / जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७५/३/२८

किरणनिधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

सन्तलाल प्रसाद चौधरी
नगर प्रमुख

Scanned by TapScanner